विराटनगर महानगरपालिका

बैठक संख्याः १०४

मितिः २०७८/११/०५

बैठक प्रारम्भः अपरान्ह ३:०० बजे

बैठक स्थगनः अपरान्ह ५:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/११/०५ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | भूमिहीन तथा अव्यवस्थित बसोबास व्यवस्थापन सहजीकरण समितिको सदस्य मनोनयन सम्बन्धमा। | नगर क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न राष्ट्रिय भूमि आयोगबाट जारी भएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिकाको भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिमा देहाय अनुसारका सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री बद्रीनारायण सरदार (कार्यपालिका सदस्य, दलित/अल्पसंख्यक)<br>(२) श्री शिला श्रेष्ठ (कार्यपालिका सदस्य, महिला) |
| २ | ल्याण्डफिल साइट निर्माणमा KEITI (कोरिया) को सहयोग सम्बन्धमा। | विराटनगर महानगरपालिकामा एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न आवश्यक जग्गाको व्यवस्था समेत गरिसकिएको अवस्थामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि Korea Environmental Industry & Technology Institute (KEITI), कोरियाको सहयोग प्रस्ताव स्वीकार/ग्रहण गर्ने र उक्त संस्थाले सो सम्बन्धमा Establishing Resource-Recycling Economy through Solid Waste Management and Recycling in Nepal सम्बन्धी पेश गरेको संसोधित परियोजना अवधारणा पत्र (Revised Project Concept Paper) स्वीकृत गरी आवश्यक कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | योजना संसोधन सम्बन्धमा। | चालु आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश केही योजनाहरू संसोधन तथा रकमान्तरका लागि विभिन्न वडाबाट सिफारिस भइआएको हुँदा उक्त योजनाहरू संसोधनका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | विविध। | (क) नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्ने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान भएको हुँदा सोको लागि विराटनगर महानगरपालिका, नगर कार्यपालिकांको कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई प्रविधिमैत्री, सरल र छिटोछरितो बनाउने अवधारणा अनुरुप Service Automation System (स्वचालित सेवा प्रणाली) को परियोजना प्रस्ताव गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(ख) नवप्रवर्तन साझेदारी कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निमित्त नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको नवीनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२) आर्थिक विकास महाशाखा प्रमुख - सदस्य
३) राजश्व व्यवस्थापन महाशाखा प्रमुख - सदस्य
४) आर्थिक प्रशासन महाशाखा प्रमुख - सदस्य
५) पूर्वाधार विकास महाशाखा प्रमुख - सदस्य
६) सूचना प्रविधि ईन्जिनीयर - सदस्य
७) सामान्य प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

(ग) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नयाँ कार्यालय भवन निर्माणको लागि रु.२७,९६,७९,०००।० बराबरको लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने मिति २०७८/०७/१० को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।

(घ) बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदानतर्फ प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न महानगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट सिफारिस भई पेश भएको अनुसूची-१ बमोजिमको एकिकृत वार्षिक कार्यक्रम तथा बजेट बाँडफाँटलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सर्वसम्मतिले स्वीकृत गरियो।

(ङ) अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम साझेदारी अन्तर्गत उपकृयाकलाप दिवा स्याहार केन्द्र शीर्षकमा विनियोजित २०००००० (बीस लाख मात्र) तथा गत आ.व.२०७७/७८ मा ऐ. शीर्षकमा विनियोजित रु.४०,००,०००।– (चालिस लाख ) मध्ये कोभिड १९ लगायत विविध कारणबाट खर्च हुन नसकी चालु आ.व.मा दायित्व सरी आएको रु.८,००,०००।– (आठ लाख मात्र) गरी रु.२८,००,०००।– (अठ्ठाइस लाख मात्र) रकम शैक्षिक प्रशासन महाशाखा मार्फत सम्बन्धित विद्यालयबाट कार्य गर्ने/गराउने गरी अनुसूची-२ बमोजिमका खर्च शीर्षकमा तपशील बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

(च) विराटनगर महानगरपालिका वडा नं. १२, गराह टोल, मिथिला चोक स्थित नक्सा सिट कि.नं.८, बखरी ४(क) को कि.नं.८ को ०-२-० (बिघा) क्षेत्रफलको ऐलानी जग्गामा माँ काली पूजनोत्सव तथा अनुष्ठानको लागि मन्दिर एवम् सामुदायिक भवन र सार्वजनिक पुस्तकालय निर्माण गर्न वडा समितिको सिफारिस सहित अप्पण ब्राह्मण समाजले अनुमति माग गरेको हुँदा उक्त जग्गा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी वा निर्माण सहितको भौतिक पूर्वाधार सरकारको स्वामित्वमा रहनेगरी मन्दिर एवम् सामुदायिक भवन तथा सार्वजनिक पुस्तकालय निर्माण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची-१

बहुक्षेत्रीय पोषण योजना

एकिकृत बार्षिक कार्यक्रम

**विराटनगर महानगरपालिका**

आ.व.२०७८/७९

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| सि.नं. | बिषयगत क्षेत्रको क्रियाकलापहरु | इकाई | परिमाण | प्रति इकाई मूल्य रु. (हजारमा) | जम्मा रकम रू. (हजारमा) | श्रोत (नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य विकास साझेदार) रकम खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| (क) | **पोषण संबेदनशील कार्यक्रम** | | | | | | |
| १ | **शासकीय प्रबन्ध** | | | | | | |
| १.१ | महानगरपालिका स्तरीय पोषण तथा खाद्ध सुरक्षा निर्देशक समिति गठन तथा अभिमुखिकरण | पटक | १ | ७३००० | ७३००० | युरोपियन युनियन | |
| १.२ | वडास्तरिय पोषण तथा खाद्ध सुरक्षा निर्देशक समिति गठन तथा अभिमुखिकरण | पटक | १९ | १५००० | २८५००० | युरोपियन युनियन | |
| १.३ | बाल पोषण अनुदानको प्रभावकारी उपयोगका लागी सुनौला १००० दिनका आमा तथा शिशु स्याहारकर्ताहरु लाई पोषण सम्बन्धि अभिमुखिकरण | पटक | ८ | २४००० | १९२००० | युरोपियन युनियन | |
| २ | **कृषि बिकास** | | | | | | |
| २.१ | सुनौला १००० दिनका महिलाहरुलाई तरकारी उत्पादनका लागी उन्नत जातका बीउ बिजन बितरण | जना | २०० | ५०० | १००००० | युरोपियन युनियन | |
| (ख) | **पोषण बिशेष कार्यक्रम** | | | | | | |
| १ | **स्वास्थ्य** | | | | | | |
| १.१ | पोषण सामग्री ढुवानी | पटक | १ | ४०००० | ४०००० | युरोपियन युनियन | |
| १.२ | ओटीसी स्थापना वा सुदृढीकरण वा पोषणको लेखाजोखा | पटक | १ | १००००० | १००००० | युरोपियन युनियन | |
| १.३ | पालिकामा रहेका ओ टि सि हरु संचालनको लागी स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयं सेविकाका लागी संचार, यातायात तथा उत्प्रेरणा खर्च | पटक | १ | ३०००० | ३०००० | युरोपियन युनियन | |
| १.४ | पोषण मैत्री स्वास्थ्य संस्था | पटक | १ | १५०००० | १५०००० | युरोपियन युनियन | |
| १.५ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण | पटक | १ | ३०००० | ३०००० | युरोपियन युनियन | |
| | **जम्मा** | | | | १०००००० | | |

## अनुसूची-२

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम
दिवा स्याहार केन्द्र सञ्चालन

| क्र.सं | शीर्षक | आ.व. २०७८/७९ का लागि विनियोजित बजेट | आ.व. २०७७/७८मा खर्च नभइ दायित्व सरी आएको बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | भैतिक पूर्वाधार निर्माण (डे केयरमा कम्पाउण्ड तारजाली, मूल गेट निर्माण, टाली ब्लक, टिना लगाउने, माटो पुर्ने, पार्टेसन, स्यानिटरी र ग्रिल) | २,७८,७५०।- | ८,००,०००।- | |
| २ | शैक्षिक सामग्री व्यवस्थापन | १,५५,०००।- | ० | |
| ३ | आया व्यवस्थापन (मासिक २०,००० का दरले २ जना ७ महिनाको लागि | २,८०,०००।- | ० | |
| ४ | स्रोत शिक्षक (मासिक २५००० का दरले २ जना ७ महिनाको लागि | ३,५०,०००।- | ० | |
| ५ | दिवा खाजा (प्रति विद्यार्थी प्रति दिन ७५ का दरले ३० जना विद्यार्थीका लागि २५ दिन ७ महिनाका लागि | ३,९३,७५०।- | ० | |
| ६ | क्षमता विकास अभिवृद्धि कार्यक्रम ( शिक्षक, कर्मचारी, फोकल पर्सन) | २,००,०००।- | ० | |
| ७ | सेवा परामर्श (आया/स्रोत शिक्षक छनोट परीक्षा,थेरापिष्ट, साइकोलोजिष्ट, मेडिकल) | १,९२,५००।- | ० | |
| ८ | क्षेत्र अवलोकन/अनुगमन | १,००,०००।- | ० | |
| ९ | विविध (बैठक खर्च, खाजा, खाना ) | ५०,०००।- | ० | |
| जम्मा | | २०,००,०००।- | ८,००,०००।- | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल